# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०८०/०८१ प्रशासन शाखा

च.नं. : १८१६

मिति : २०८०/१०/२२

बिषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका,
शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८० माघ १९ गते शुक्रबार बसेको आ.व. २०८०/०८१ को बाह्रौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ६ (छ) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँसँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

..............................
(रमेश सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति २०८०/१०/१९ गते | बैठक संख्या : २०८०/८१-१२ | समय : विहान ८:०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती

स्थान : मनहरी गाउँपालिका वडा नं. १ को कार्यालय, मकरी ।

**उपस्थिति**

| क्र.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती. | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी — प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई — वरिष्ठ लेखा अधिकृत

श्री अन्जना सुवेदी — प्रशासन शाखा प्रमुख

२०८० माघ १९ गते बसेको बाह्रौं गाउँ कार्यपालिका बैठकका निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०८० माघ १९ गते बसेको गाउँ कार्यपालिकाको बाह्रौं बैठकको प्रस्तावका विषयहरु :

१. विगतको निर्णयको सम्बन्धमा।
२. गाउँपालिकाको क्षमता विकास योजना निर्माण सम्बन्धमा।
३. हरियो घाँस विस्तार कार्यक्रम अनुदान सम्बन्धमा।
४. हात्तिले पुर्याउने क्षतीको न्यूनीकरण तथा क्षती विवरण सम्बन्धमा।
५. सार्वजनिक सम्पत्ति सुरक्षा सम्बन्धमा।
६. नेपाल सम्बतको प्रयोग सम्बन्धमा।
७. सवारी साधन मर्मत तथा प्रयोग सम्बन्धमा।
८. प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धी योजना/कार्यक्रम माग सम्बन्धमा।
९. जेनेरेटर हस्तान्तरण सम्बन्धमा।
१०. आर्थिक सहायता/योजना माग सम्बन्धमा।
११. कर्मचारी अनिवार्य अवकाश सम्बन्धमा।
१२. डेरी लक्षित गोठ सुधार कार्यक्रम सम्बन्धमा।
१३. ईम्बोड्स नम्बर प्रयोग सम्बन्धमा।
१४. गरिबसँग विश्वेश्वर स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धमा।
१५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको अन्तिम नतिजा अनुमोदन गर्ने सम्बन्धमा।
१६. मनहरी अस्पताल निर्माण रकम भुक्तानी सम्बन्धमा।
१७. पालिका भवनको जग्गा प्राप्तीमा दिईने सोधभर्ना सम्बन्धमा।
१८. गरिबसँग विश्वेश्वर शैक्षिक सहायता कार्यक्रम सम्बन्धमा।
१९. पारिश्रमिक भुक्तानी सम्बन्धमा।
२०. नदीजन्य पदार्थको जरिवाना असुल गर्ने सम्वन्धमा।
२१. मनहरी गाउँपालिका खेलकुद विकास समिति सदस्यको नाम सच्याउने सम्बन्धमा।

रञ्जन कालाखेती
अध्यक्ष

२०८० माघ १९ गते बसेको बाह्रौं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेकोमा शीघ्र कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै समीक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको जनप्रतिनिधी तथा कर्मचारीहरुको कार्य सम्पादनस्तर बृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकाको क्षमता विकास योजना निर्माण गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा संघिय सरकारबाट शशर्त प्राप्त अनुदान रकम रु ८,३८,०००। मध्यबाट रु ५,३९,२८०। रकमको जै घाँसको बिउ खरिदमा भुक्तानी भईसकेको हुँदा बाँकी रकम रु २,९८,७२० बाट घाँस खेती गर्ने कृषकलाई प्रति कट्ठाको दरले रकम उपलब्ध गराउने गरी प्रति वडा रु ३३,१९१।- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा मनहरी गाउँपालिकाका विभिन्न स्थानहरुमा जंगली हात्तीको आक्रमणबाट जनधनको क्षती भएको हूँदा उक्त क्षतीको न्युनिकरण गर्न वडा कार्यालयले पहल गर्ने र वडा नं. ७ को २ वटा घर हात्तिको आक्रमणबाट क्षति भएको हुँदा उक्त घर मर्मतमा लाग्ने खर्च रु ५०,०००/- मा नबढ्ने गरी प्राविधिक लागत ईष्टिमेट बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा अतिक्रमण हटाउने सम्बन्धमा परिपत्र भए बमोजिम मनहरी गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिको विवरण वडाबाट संकलन गरी उक्त सम्पत्तिको संरक्षणको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०९/२३ च.नं. २५७ को पत्रानुसार नेपाल सरकार म.प.बै.सं. ४०/२८० मिति २०८०/०७/२७ को मन्त्रिपरिषद्को बैठकबाट नेपाल संवत् ११४४ देखि विक्रम सम्बत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल सम्बत समेत उल्लेख गर्ने निर्णय भए बमोजिम मनहरी गाउँपालिका वा अन्तर्गतका सम्पुर्ण निकायले प्रयोग गर्ने लेटर प्याडमा नेपाल सम्वतको प्रयोग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिका भित्रका कर्मचारी तथा जनप्रतिनिधिले प्रयोग गरेको सवारी साधन मर्मत तथा संभार गरि चालु अवस्थामा राख्ने र मनहरी गाउँपालिकाको कार्यालय संचालन निर्देशिका, २०७८ (पहिलो संसोधन) को परिच्छेद ६ को दफा ९ उपदफा ७ मा उल्लेखित रकम भन्दा बढि खर्च लागे पनि मर्मत गरि चालु अवस्थामा राख्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८०/१०/०२ च.नं. ५८० को पत्रानुसार आगामी आर्थिक वर्ष २०८१/२०८२ का लागि समपुरक तथा विशेष अनुदान प्रस्ताव पेश गर्ने सम्बन्धी प्राप्त पत्रानुसार अनुसुची १ बमोजिमको समपुरक तथा विशेष अनुदान सम्बन्धी योजना/कार्यक्रम माग गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनहरी गाउँपालिका मार्फत उपलब्ध गराईएको जेनेरेटर प्रयोग गरि सिम्पानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत मनहरी ८ को करिब ४०० घरधुरीलाई खानेपानी वितरण भईरहेको हुँदा उक्त जेनेरेटर सिम्पानी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।



रन्जन कालाखेती
अध्यक्ष

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिकासँग तपसिल बमोजिमका विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र. सं. | नामथर/योजना | विवरण | शीर्षक | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुरोज स्याङ्तान मनहरी ८ | आगलागीको कारण घर जलेर क्षती भएको हुँदा राहत उपलब्ध | विपद् व्यवस्थापन कोष | १०,०००। | |
| २. | बस्तिपुर जेसिज | बस्तिपुर जेसिसको सचिवालय मर्मत | अन्य सार्वजनिक निर्माण | २,००,०००। | |
| ३. | वडा नं. ६ जोगिताल | ट्यूत्रेल धारा माग ६ थान | खानेपानी तथा ट्युवेलधारा | | खरिद तथ हस्तान्तरण |
| ४. | वडा नं. ६ प्रतापुर | ट्यूवेल धारा माग १ थान | खानेपानी तथा ट्युवेलधारा | | खरिद तथ हस्तान्तरण |
| ५. | वडा नं. ७ | श्री मनकामना खैजडी भजन ड्रेस र सामान माग | संस्कृति पर्यटन | १,००,०००। | |
| ६. | मकवानपुर रिकभरीङ सेन्टर | मनहरी ३ निवासी अमृत भट्टको औषधी उपचार वापत | आर्थिक सहायता | ४५,०००। | |
| ७. | श्रीकृष्ण बर्तौला मनहरी ८ | सिंचाई कुलो मर्मत | खानेपनी तथा सिंचाई पाईप | ७०,०००। | |
| ८. | मनहरी १ | चकरीमा विद्युतीय संरचना स्थानान्तरण | अन्य सार्वजनिक निर्माण | ६३,८९०। | |
| ९. | मनहरी १ ठुलीमाया सिन्तान | लडेर खुट्टा भाँचिएको औषधी उपचार | आर्थिक सहायता | १५,०००। | |
| १०. | टाँसी देछ्यौलिङ गुम्बा मनहरी ६ | गाउँपालिका स्तरीय सांस्कृतिक कार्यक्रम संचालन खर्च | संस्कृति तथा पर्यटन | ७५,०००। | |
| ११. | मनहरी ६ | ठुलीमाया मुक्तानको काज किरीया खर्च | आर्थिक सहायता | २०,०००। | |
| १२. | मनहरी ७ | सोनाम ल्होसार कार्यक्रम संचालन | पर्व प्रोत्साहन | १०,००००। | |



रन्जन कालाखेती
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | मनहरी १ | सोनाम ल्होसार कार्यक्रम संचालन | पर्व प्रोत्साहन | ३०,०००। | |
| १४. | समना फिल्मस तथा काडेतार परिवार | समना फिल्मस तथा काडेतार परिवार | भाषा र संस्कृती संरक्षण | ५०,०००। | |

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँ कार्यपालिकामा कार्यरत कार्यालय सहयोगी (पाँचौ) श्री वेद प्रसाद खनाल उमेर हदको कारण मिति २०८०/१०/१५ गते देखि अनिवार्य अवकाश प्राप्त गर्नु भएको हुँदा उहाँले हालसम्मको सेवा अवधिमा विभिन्न कार्यालयमा रहि गर्नुभएको सेवाको निम्ति धन्यवाद दिदै निजलाई सेवा अवकाश पश्चात प्राप्त हुन आउने सुविधा वापत नियमानुसार पाउनु पर्ने अवकाश रकम कर्मचारी कल्याण कोष शिर्षकमा मौज्दात रकमबाट उपलब्ध गराई सोधभर्ना माग गर्ने र चालु आ.ब. मा अपुग रकम आगामी आ.व. २०८१/८२ मा सोधभर्ना भुक्तानी दिने निर्णय गरियो।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०८०/१०/०८ गतेको आर्थिक विकास समितिबाट कृषि तथा पशुपंक्षी विकास शाखा अन्तर्गतको डेरी लक्षित गोठ सुधार कार्यक्रम वडा नं. १ मा संचालन गर्ने भनि निर्णय भए बमोजिम उक्त वडामा सो कार्यक्रम बढिमा २००००। वा प्राविधिक लागत अनुमान बमोजिम संचालन गर्ने निर्णय गरियो।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय मकवानपुर च.नं. २४५३ मिति २०८०/०९/१६ गतेको पत्र मार्फत सबै सरकारी तथा सार्वजनिक संस्थानहरुमा प्रयोग हुने सवारी साधनहरुमा ईम्बोस्ड नम्बर प्लेट जडानको सम्बन्धमा परिपत्र भएको हूँदा मनहरी गाउँपालिका वा अन्तर्गतका निकायहरुमा प्रयोग हुने सबै सरकारी सवारी साधनहरुमा इम्बोस्ड नम्बरप्लेट जडान गर्ने निर्णय गरियो।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिति २०८०।०८।०७ गते बसेको कार्यपालिका बैठकको निर्णयमा गरिबसंग बिश्वेश्वर स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गर्न अतिबिपन्न परिवारहरुमध्ये वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाका २०० घर परिवारको सिफारिस गरि पठाउने भन्ने निर्णय भएको तथा सो बमोजिम वडा वाट प्राप्त लाभग्राहीहरुको सुचि अनुसुचि २ बमोजिम अनुमोदन गरि दर्ता सहयोगि मार्फत निःशुल्क स्वास्थ्य बिमा गराई गाउँपालिकाबाट भुक्तानि गर्ने निर्णय गरियो।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा आ. ब. ०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्व- मूल्यांकन कार्यविधि, २०७७ को दफा ४ ज बमोजिम प्राप्त हुन आएको अंक **७७.५** लाई अनुमोदन गरी अनुमोदित अन्तिम नतिजालाई कार्यालयको सूचनापाटी तथा वेभसाईटमा राखि नतिजाको प्रति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र जिल्ला समन्वय समिति लगायका निकायमा पठाउने र अगामी दिनहरुमा कार्य सम्पादनमा थप सुधार गरी उच्चतम नतिजाका लागि प्रयासरत रहने निर्णय गरियो।

१६. प्रस्ताव नं. १६ माथी छलफल गर्दा संघीय शसर्त पुँजिगत कार्यक्रम अन्तर्गत १५ सैयाको मनहरी अस्पताल भवनको भवन निर्माण कार्यको लागि ठेकेदार श्री वुद्ध शिवाको पुष्पाञ्जली JV सँग ठेक्का सम्झौता भई सो कार्य निर्माणाधिन अवस्थामा रहेको छ। पछिललो पटक प्राप्त ठेक्का विल अनुसार रु ४०५७३८२.५२ को रनिङ बिल प्राप्त भएकोमा यस वर्ष हालसम्म उक्त शिर्षकमा रु १०,००,०००। लाख मात्र निकासा प्राप्त भई भुक्तानी गर्न रु ३०५७३८२.५२। अपुग भएको अवस्था छ। उक्त प्रस्ताव माथि छलफल गर्दा समयमा भुक्तानी हुन नसकेमा निर्माण कार्यमा ढिलाई हुने र सोहि कारण खुलाई ठेकेदारले क्षतीपुर्ति रकम माग गर्ने सम्भावना रहेकोले उक्त विल रकम समयमा भुक्तानी गर्नको



रन्जन कालाखेती
अध्यक्ष

लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष निकासाको लागि अनुरोध गर्ने र उक्त समस्याको तत्काल समाधानको लागि कार्यालयको बचत रहेको शिर्षकबाट सापटीको रुपमा भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ९ स्थित हरियाली सामुदायिक वन उपभोक्ता समिति रजैयाको वन क्षेत्रको खाली जमिन अनुमती लिई पालिकाको कार्यालयको प्रशासनिक भवन निर्माणका लागि जग्गा प्राप्तीको प्रकृयामा रहेकाले सो कार्यका लागि यस कार्यालयको च.नं. १४०६ मिति २०८०/१०/०९ गते श्री डिभिजन वन कार्यालय राप्ती मनहरी, नेपाललाई प्रेशित गरिएको पत्रको बुँदा नं. २ अनुसार उक्त आयोजनावाट वन तथा भु-जैविक वातावरणमा न्यून प्रभाव पर्ने र गाउँपालिका स्थापनाकै समयमा सर्वदलिय वैठकवाट रजैयामा गाउँपालिका केन्द्र रहने निर्णय भएकाले अन्य क्षेत्रमा पालिका केन्द्र सार्न नमिल्ने भएको । निशुल्क जग्गा प्राप्त हुन नसकेकाले पालिका स्थापना काल देखि नै रजैया क्षेत्रमा निशुल्क जग्गा प्राप्त हुन नसकेको सो सम्वन्धमा मिति २०७६/०३/२५ गते बसेको पाँचौ गाउँसभाको निर्णय नं. २१ तथा मिति २०७६/०८/२२ गतेको कार्यपालिका वैठको निर्णय नं.१६ सम्लग्न छ । जग्गा सट्टा भर्ना दिने सन्दर्भमा जग्गा प्राप्तीमा लाग्ने नियमानुसारको राजश्व नगद उपलब्ध गराईने सुनिश्चितता गरिएको छ । उक्त विषयमा प्राप्त हुने ०.२ हे. मध्ये ०.१११२ हे. भवन निर्माण गर्न, ०.०८८८ हे. पार्किङ/सार्वजनिक रुपमा रहने बँगैचा तथा खुला क्षेत्रका लागि सोधभर्ना गर्न जग्गा नभएकाले नियमानुसार लाग्ने राजश्व नगद उपलब्ध गराईने सुनिश्चितताको समर्थन गर्ने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भई गरिवको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई आफ्नो अध्ययन पुरा गराउन सहयोग गर्न सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएकोले तपशिलका शैक्षिक संस्थामा अध्ययनरत छात्राछात्रहरुलाई अनुसुचि ३ बमोजिमको रकम विपन्न बालबालिका गरिब सँग विशेश्वर शैक्षिक सहायता कोष बाट शैक्षिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

१९.प्रस्ताव नं. १९ माथि छलफल गर्दा नेपाल सरकार संघिय शशर्त चालु कार्यक्रम अन्तर्गतका विभिन्न कार्यक्रमहरुमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको लागत सहभागिता वापतको पारिश्रमिक भत्ता करार सेवा शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कर्मचारीको विवरण | खर्च बेहोर्ने निकाय | | कैफियत |
|---|---|---|---|---|
| | | संघिय सरकार कार्यक्रम विशेष | मनहरी गाउँपालिका | |
| १. | आशिष मल्ल, सूचना प्रविधि अधिकृत | PLGSP | नियमानुसार तलब भुक्तानी गर्न साझेदारी गर्नुपर्ने रकम | |
| २. | दिपक अधिकारी, एम आई एस अपरेटर | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली | नियमानुसार तलब भुक्तानी गर्न | |



रन्जित कालाखेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३. | सुनकेशरी थिङ, फिल्ड सहायक | सुदृढिकरण आयोजना सात महिना बराबरको तलब खर्च | साझेदारी गर्नुपर्ने रकम। | |
| ४. | अशोक बर्तौला, फिल्ड सहायक | | | |
| ५. | सम्झना दंगाल उद्यम विकास सहयोगी | गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | नियमानुसार तलब भुक्तानी गर्न अपुग रहेको रकम बढिमा रु १,५०,०००। | |

२०. प्रस्ताव नं. २० माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ८ स्थित मनहरी क्रसर उद्योग प्रा.लि. तथा दारिमवास क्रसर तथा बालुवा वासिङ एण्ड सप्लायर्स प्रा.लि. ले अनियमित किसिमले नदीजन्य पदार्थ उत्खनन गरेको सम्वन्धमा छानविन गरी मिति २०८०/०९/२४ गते बसेको नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समिति वैठकको निर्णय एवं जिल्ला समन्वय समितिको च.नं. १८ मिति २०८०/१०/१६ को पत्रानुसार जरिवाना लिने सम्वन्धमा मिति २०८०/१०/१८ गते वसेको मनहरी गाउँपालिकाको ७ सदस्यिय कार्यदलले गरेको देहाय बमोजिमको सिफारिस मनासिव रहेकाले उक्त जरिवाना रकम १५(पन्ध) दिन भित्र तोकिएको खातामा दाखिलाका लागि सम्वन्धित उद्योगहरुलाई पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | उद्योगको नाम | फरक परिमाण | | | तोकेको दर | जम्मा जरिवाना रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | घटि/वढि | घ.मि.मा | घ.फि.मा | | | |
| १ | मनहरी क्रसर | वढि | ५३८७.९८ | १९००८७.९३ | २१.६६ | ४११७३०४.६६ | |
| २ | दारिमवास क्रसर | घटि | १०७४.३२ | ३७९०२.०१ | २१.६६ | ८२०९५७.५३ | |
| | जम्मा | | | २२७९८९.९४ | | ४९३८२६२.१९ | |

२१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा मनहरी गाउँपालिका खेलकुद विकास समितिको मिति २०८०/०९/२२ को निर्णय तथा मिति २०८०/०५/०१ गते बसेको कार्यपालिकाको प्रस्ताव नं. ०९ मा भएको निर्णयानुसार खेलकुदको फरक फरक विधाबाट पर्ने गरि सम्बन्धित वडाले सिफारिस गरेको मनहरी गाउँपालिका खेलकुद विकास समितिको देहाय बमोजिमका सदस्यहरुको नाम थर नागरिकता बमोजिम हुनपर्नेमा अन्यथा भएकोले देहाय बमोजिम सच्याउने निर्णय गरियो ।

| क्र सं. | कार्यपालिका मार्फत सिफारिस भएका खेलकुद सदस्यको नाम | वडा नं. | नागरिकतानुसार हुनुपर्ने नाम |
|---|---|---|---|
| १ | कविन दर्लामी | वडा न., ०५ | चन्द्र बहादुर दर्लामी |
| २ | विकास पाखिन | वडा नं.,०८ | विनोद पाखिन |
| ३ | दिपक मुक्तान | वडा नं.,०६ | इन्द्र बहादुर मुक्तान |

उपरोक्त प्रस्तावहरु उपर सर्वसम्मत निर्णय गरियो।



रञ्जन कालाखेती
अध्यक्ष